# लमही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,लमही,दाङ

तेस्रो नगर सभामा प्रस्तुत

# कार्यक्रम तथा बजेट बक्तब्य

मिति: २०७५।३।१०

**लमही नगरपालिको चालु आ.व.२०७५/२०७६ का लागि विनियोजित कार्यक्रम तथा बजेट बक्तब्य**

लमही नगरपालिको आगामि आ.व.का लागि प्रस्तावित नीति तथा कार्यक्रम बमोजिम प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शनको आधारमा न्युनतम केन्द्रीय तथा प्रदेश सरकारको अनुदान र लमही नरपालिकाको आन्तरिक आम्दानीलाई अधिकतम् बृद्धि गर्ने लक्ष्य सहित संघीय शासनको अवधारणा अनुरुप आ.व. २०७५/०७६ को प्रस्तावित कार्यक्रम तथा बजेट प्रक्षेपण गरेकोछु । स्थानीय सरकार गठन सँगै नगरपालिकामा उपलब्ध स्रोत साधन अनुसार सहभागितामुलक योजनातर्जुमा प्रक्रिया वाट आएका अयोजना तथा कार्यक्रमहरु लाइ प्राथमिकरण गरि वार्षिक बजेट तथा कार्यक्रम सम्मिलित गराइ सोही बमोजिम बजेट तयार गरेको छु ।

**आदरणीय नगर सभाका अध्यक्ष ज्यू एवं उपस्थित सदस्यज्यू हरु,**

**लमही नगरपालिकाको** नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयन गर्न आगामी आ.व.२०७५/७६ का लागि कुल आय रु. ५५,०१,७७,०००।- ( पचपन्न करोड एक लाख सतहत्तर हजार मात्र) अनुमान गरिएको छ । जस मध्ये आन्तरिक स्रोत तर्फ रु. १५,००,००,०००।- ( पन्ध्र करोड मात्र) जसमध्य १० करोड राजस्व लक्ष्य रहेको छ भने ५ करोड चालु आ.व. को बचत अनुमान गरिएको छ । संघीय सरकार समानिकरण अनुदान रु.१४,१२,००,०००। ( चौध करोड वाह्र लाख ) र सशर्त अनुदान रु.१३,६६,००,०००। (तेह्र करोड छइसठ्ठि लाख ) रहेको छ । यसै गरि प्रदेश सरकारको समानिकरण अनुदान तर्फ ४७,३३,०००।-( सतचालिस लाख तेइतिस हजार ) र सशर्त अनुदान तर्फ रु.७५,००,०००। ( पचहत्तर लाख ) प्राप्त भएको छ ।

खर्च तर्फ चालु खर्च रु.२४,६१,२७,७९२।- (चौविस करोड एकसठ्ठी लाख सत्ताइस हजार सात सय बयानब्बे रुपैया मात्र) र पूँजिगत तर्फ रु.३०,४०,४९,२०८।- (तीस करोड चालिस लाख उनान्चास हजार दुइ सय आठ रुपैया मात्र) हुनेछ । चालु तर्फ विनियोजित बजेट कर्मचारी तलब भत्ता,कार्यालय सञ्चालन र संघीय सरकारको सर्शत अनुदान रकम संघले नै तोकेको क्षेत्रहरुमा खर्च गरिनेछ । आगामि आ.व.का लागि तपशिलका बिषयगत शाखाहरुको लागि तपशिलको बजेट विनियोजन प्रस्ताव गरेको छु ।

**आर्थिक विकास क्षेत्र रु.१,५०,००,०००। ( एक करोड पचास लाख )**

**सामाजिक विकास क्षेत्र रु.३,५०,००,०००। ( तीन करोड पचास लाख )**

**पुर्बाधार विकास क्षेत्र रु.९,१२,९२,०००। ( नौ करोड वाह्र लाख बयान्नब्बे हजार )**

**वातावरण तथा विपद् ब्यवस्थापन क्षेत्र रु.१,१२,५७,२०८। (एक करोड वाह्र लाख सन्ताउन्न हजार दुइ सय आठ )**

**शुसासन तथा संस्थागत विकास क्षेत्र रु.५०,००,०००। ( पचाँस लाख )**

**लमही नगरका प्रत्यक वडापालिकाहरु लाइ चालु तर्फ रु. १० लाख र पुँजितग तर्फ रु. ९० लाख विनियोजन गरी ९ वटै वडापालिकाको लागि कुल बजेट रु. ९,००,००,००० । ( नौ करोड ) विनियोजन गरेको छु ।**

**आदरणीय नगर सभाका अध्यक्ष ज्यू एवं उपस्थित सदस्यज्यूहरु,**

यस नगरपालिकाका बिभिन्न वडाहरु बाट छनौट भई आएका विभिन्न विषयगत क्षेत्र संग सम्वन्धीत योजना तथा कार्यक्रमहरु यथासक्य समेट्ने प्रयास गरिएको छ । ती मध्ये आम नगरवासिहरुको माग र चाहना अनुसार वडा वाट माग भएका पुर्वाधार विकासका योजनाहरुमा वढि रकम विनियोजन गरेको छु । यस नगर मा महत्वपूर्ण सार्वजनिक निर्माणका ठुला पुर्वाधार विकासका आयोजनाहरु दिर्घकालिन अयोजना बनाई संघ तथा प्रदेश का नीति तथा कार्यक्रमहरु योजनाहरु समावेश गर्न सिफारिस गरि कार्यान्वयन गरिनेछ । आगामि आ.व.मा संचालन हुने आयोजनाहरुलाई अझै ब्यवस्थित तथा नतिजामुखि बनाउन यस नगरपालिले अल्पकालिन तथा दीर्घकालिन योजना निर्माण गरि कार्यान्वयनमा सम्बन्धित सबै संग समन्वय र सहकार्य गरी यस नगरको निर्धारित नीति बमोजिम लक्ष्यमा पुग्ने प्रयास गरिनेछ ।

यस बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा महत्वपूर्ण मार्ग निर्देशन गर्नुहुने राजनैतिक दलका प्रतिनिधि/पदाधिकारी ज्यू ,विषयगत कार्यालय,सरकारी एवं गैर सरकारी संस्था/निकाय तथा आम नगर वासीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी बजेट तर्जुमाका कममा सहयोग गर्ने मेरा सहयोगी कार्यपालिकाका सदस्य ज्यूहरु र कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दै प्रस्तुत वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, राजनैतिकदल, नगरवासि, कर्मचारी,नागरिक समाज, टोल विकास संस्था ,स्थानीय प्रशासन, गैर सरकारी संघ संस्था ,लक्षित समुह तथा आम नगरवासीहरु बाट पर्याप्त साथ, सहयोग र समर्थन रहने अपेक्षा समेत राखेको छु ।

**धन्यवाद ।**

**देवका बेलवासे**

**(उपप्रमुख )**